# बाल विवाह अन्त्यका लागि शुद्धोधन गाउँपालिकाको रणनीति तथा कार्ययोजना, २०७९




(मिति २०७९ आश्विन २४ गते कार्यपालिकाको बैठकबाट अनुमोदन)

शुद्धोधन गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
लवनी, कपिलवस्तु
लुम्बिनी प्रदेश, नेपाल

CamScanner

# बाल विवाह अन्त्यका लागि शुद्धोधन गाउँपालिकाको रणनीति तथा कार्ययोजना, २०७९




(मिति २०७९ आश्विन २६ गते कार्यपालिकाको बैठकबाट अनुमोदन)

## शुद्धोधन गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
लवनी, कपिलवस्तु
लुम्बिनी प्रदेश, नेपाल

# विषय सूची

१. पृष्ठभूमि .................................................. ३
२. अन्तर्राष्ट्रिय महासन्धिहरू र नेपालको प्रतिवद्धता .................................................. ४
३. राष्ट्रिय नीति तथा कानूनी व्यवस्था .................................................. ५
४. वर्तमान सन्दर्भ .................................................. ७
५. रणनीति तथा कार्ययोजनाको आवश्यकता र औचित्य .................................................. ८
६. रणनीति तथा कार्ययोजना तर्जुमा प्रक्रिया .................................................. ९
७. रणनीति तथा कार्ययोजनाका सिद्धान्तहरू .................................................. १०
८. दूरदृष्टि .................................................. ११
९. ध्येय .................................................. ११
१०. लक्ष्य .................................................. ११
११. उद्देश्यहरू .................................................. ११
१२. रणनीति तथा कार्यनीतिहरू .................................................. ११
१३. बाल विवाह अन्त्यको कार्ययोजना, २०७९-२०८४ .................................................. १५
१४. संस्थागत संरचना .................................................. २७
१५. जोखिम तथा न्यूनीकरण .................................................. २७
१६. सहकार्य तथा समन्वय .................................................. २८

# बाल विवाह अन्त्यको रणनीति तथा कार्ययोजना, २०७९

## १. पृष्ठभूमि

लैङ्गिकतामा आधारित हिंसाका धेरै प्रकारमध्ये बाल विवाह एक हो ।बाल विवाहसम्बन्धी एक अध्ययनले विश्वभर हुने बाल विवाहको ५० प्रतिशत दक्षिण एसियामै मात्र हुने गरेको र यो स्थिति कायम रहेमा विकासशील राष्ट्रहरूलाई दिगो विकास लक्ष्य पूरा गर्ने समय सन् २०३० सम्म पुग्न खरबौं डलरको आर्थिक मूल्य चुकाउनु पर्ने अवस्था रहेको देखाएको छ ।[1]

विश्वमा हरेक वर्ष ७० करोड किशोरीहरूको १८ वर्ष नपुग्दै विवाह हुने गर्दछ भने विश्वभर हुने बाल विवाहको ५० प्रतिशत दक्षिण एशियामै मात्र हुने गरेको छ ।नेपालमा ३७% बालिकाहरूको विवाह १८ वर्ष नपुग्दै हुने गरेका छन् । बाल विवाह हुने मुलुकमा दक्षिण एशियामा भारत र बंगलादेशपछि नेपाल तेस्रो स्थानमा पर्दछ ।[2]नेपाल जनसंख्यिक तथा स्वास्थ्य सर्वेक्षण २०१६ ले नेपालमा १५ देखि ४९ वर्षका वैवाहिक उमेरका महिलाहरु मध्ये १३ प्रतिशत १५ वर्षको उमेरमा विवाह भएको देखिन्छ भने ५२ प्रतिशतले १८ वर्षको उमेरमा विवाह गरेको देखिन्छ । केन्द्रीय तथ्याङ्क विभागको पपुलेसन मोनोग्राफ, सन् २०१४, भाग २ (सामाजिक जनसांख्यिकी) अनुसार १० देखि १८ वर्ष उमेर समूहका बालबालिकामध्ये २६.३ प्रतिशतको विवाह भएको देखिएको छ । यसमध्ये १७ र १८ वर्ष उमेर समूहका बालबालिकाको विवाह कूल बालविवाहको ७५.६६ प्रतिशत रहेको देखिएको छ । नेपाल बहुक्षेत्रीय क्लस्टर सर्वेक्षण, २०१४ अनुसार १५ वर्षदेखि १९ वर्षसम्मका बालिकामा गरिएको सर्वेक्षण अनुसार १८ वर्ष नपुग्दै बालविवाह गर्नेको संख्या २,७८१ (२४.५%) देखिएको छ ।[3]

नेपालमा बाल विवाहको अवस्था भौगोलिक अवस्था, बसोवास क्षेत्र, आर्थिक-सामाजिक, शैक्षिक अवस्था, जातजाति, धर्म तथा समुदायको विविधता आधारमा फरक फरक रहेको पाईन्छ ।कपिलवस्तु जिल्ला नेपालकै सबै भन्दा बढि बाल विवाह हुने जिल्ला मध्येकै एक हो ।[4]बालिका दुलही होइनन् भन्ने राष्ट्रिय सञ्जालले २०७१ मा गरेको एक अध्ययन अनुसार कपिलवस्तु जिल्लामा मात्रै विवाह गरेका २० देखि २४ वर्षका महिलामध्ये ६५ प्रतिशतको विवाह १८ वर्ष नपुग्दै हुने गरेको तथ्याङ्क छ । कपिलवस्तु जिल्लामा महिला तथा बालवालिका कार्यालयले २०७३ मा गरेको एक अध्ययन अनुसार ७४ प्रतिशत विवाह २० वर्ष नपुग्दै गरेको पाइएको छ ।

कम उमेरमा बच्चा जन्माउँदा महिलाको आर्थिक, सामाजिक तथा स्वास्थ्य र शिक्षा जस्ता सम्पूर्ण क्षेत्रमा नकारात्मक असर पर्ने देखिन्छ भने आमा र बच्चा दुवैको ज्यान खतरामा हुने गरेको बालबालिका कुपोषण भई शारीरिक, मानसिक र बौद्धिक रुपमा समेत कमजोरीहरु देखा पर्दछन् ।नेपालमा प्रत्येक १,००० मध्ये ८८ बालबालिकाको जन्म किशोरी आमाबाट हुन्छ । २० वर्षमुनिका ३७.५% बालिकाहरूले घर वा अन्य असुरक्षित स्थानमा सुत्केरी गराउने गरेका छन् । १५ देखि १९ वर्ष

---

[1] http://www.worldbank.org/en/news/press-release/2017/06/26/child-marriage-will-cost-developing-countries-trillions-of-dollars-by-2030-says-world-bankicrw-report

[2] The State of the World Children Report, 2016, UNICEF .

[3]नेपालमा बालबालिकाको स्थिति प्रतिवेदन २०७६, नेपाल सरकार, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय राष्ट्रिय बाल अधिकार परिषद, २०७६

[4]http://www.nepalioutlook.com/16703/

कु० अनिता

सम्मका विवाह गर्ने किशोरीहरुमा १५ प्रतिशतले मात्र गर्भनिरोधको साधन प्रयोग गरेको र करिब प्रत्येक ५ जनामा १ महिलाले १९ वर्ष अगावै सन्तानलाई जन्म दिइसकेका हुन्छन । त्यसै गरि महिला विरुद्धका धेरै हिंसाहरु मध्ये यौन हिंसा भोग्ने मध्ये ८० प्रतिशतले आफ्नो श्रीमानबाट पीडित हुने बताएका छन भने १५ देखि ४९ वर्षका किशोरी तथा महिलाहरु मध्ये एक चौथाई अर्थात २६ प्रतिशतले शारीरिक हिंसा भोगेको उल्लेख गरेको छ ।[४]विवाह गरेका धेरै कारणहरुमध्ये ४५.२ प्रतिशत पुरुषले घरको कामकाजमा सघाउनको लागि बिहे गरेको कुरा पनि प्रतिवेदनबाट स्पष्ट भएको छ।[६]२० वर्ष मुनिका गर्भवती बालिकाहरु तीन गुणा बढी मातृमृत्युको जोखिममा हुने गरेको कुरा पनि प्रतिवेदनमा उल्लेख भएको छ ।[७]यदि बाल-विवाह अन्त्यसम्बन्धी विद्यमान कानुनको पालनालाई प्रभावकारी नबनाउने र तीनवटै तहका सरकार तथा सरोकारवालाहरूको अर्थपूर्ण सहभागितामा उपयुक्त रणनीति र कार्ययोजना तर्जुमा गरी कार्यान्वयन नगर्ने हो भने यसलाई निर्मूल पार्न अझै पनि धेरै वर्ष लाग्ने देखिन्छ ।[८]

नेपालमा बालविवाह उन्मूलनको महत्वलाई ध्यानमा राखि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रुपमा धेरै प्रयासहरु भएकाछन् । बालविवाह अन्त्यका लागि राष्ट्रिय रणनीति २०७२ ले स्पष्ट रणनैतिक कार्यदिशा प्रदान गरेको छ । हरेक रणनैतिक कार्यदिशा पुरा गर्नका लागि विशिष्ट रणनैतिक उपायहरूको व्यवस्था गरेको छ । नेपालका विभिन्न समुदाय र जिल्लाहरूमा बाल विवाहका कारणहरु पनि फरक फरक भएकाले त्यसलाई सम्बोधन गर्न जिल्लास्तरीय र सबै स्थानीय तहका आ-आफ्नै विशेषता र प्राथमिकता रहेकोले सबै स्थानीय सरकारका आ-आफ्नै रणनैतिक कार्ययोजना हुनु पर्ने अर्को महत्वपूर्ण पक्ष छ ।

त्यसैले नेपाली समाजमा समस्याको रूपमा रहेको बाल विवाहलाई अन्त्य गर्न सबै सरोकारवालाहरूको सहयोगमा अन्तर्राष्ट्रिय, क्षेत्रीय र राष्ट्रिय प्रयासहरूका साथै मुलुकभित्र प्रदेश सरकार र स्थानीय तहसम्मले परम्परागत सोच, चिन्तन, सकारात्मक विश्वास, सामाजिक मूल्य तथा मान्यता र व्यवहारमा परिवर्तन ल्याउन तथा बाल विवाह अन्त्यसम्बन्धी राष्ट्रिय रणनीतिको कार्यान्वयनका लागि स्थानीय तहमा पनि स्पष्ट रणनीति र कार्ययोजना जरूरी भएको हुँदा यो "बाल विवाह अन्त्यका लागि स्थानीय सरकारको रणनीति तथा कार्ययोजना, २०७९" तर्जुमा गरी कार्यान्वयनमा ल्याएको छ ।

## २. अन्तर्राष्ट्रिय महासन्धिहरू र नेपालको प्रतिवद्धता

नेपाल बालअधिकार महासन्धि १९८९; महिलामाथि हुने सबै प्रकारका विभेदहरूको अन्त्य गर्ने महासन्धि १९७९, नागरिक तथा राजनैतिक अधिकारका लागि अन्तर्राष्ट्रिय आलेख, १९६६ आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय आलेख, १९६६, यातना विरुद्धको महासन्धि, १९८४ लगायतका मानव अधिकारसम्बन्धी महत्वपूर्ण अन्तर्राष्ट्रिय अभिसन्धीहरुको पक्ष राष्ट्र भएको र जनसंख्या र विकास सम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलनले पारित गरेको कार्ययोजना, १९९४(Program of Action adopted at the International Conference on Population and Development, 1994), चौथो विश्व

[५] NDHS, 2016

[६]SOLID Nepal for Plan Nepal 2012

[७]Nepal Maternal Mortality and Morbidity Study, 2008/2009

[८] World Vision UK, Ending Child Marriage by 2030: Tracking Progress and Identifying Gaps, Policy Paper, July 2016;

महिला सम्मेलनबाट पारित बेइजिङ्ग घोषणा र सम्बद्ध कार्ययोजना (Beijing Decleration and Platform for Action) तथा सन् २०१३ मा बाल विवाह, कम उमेरमा हुने विवाह तथा जबरजस्ती हुने विवाह सम्बन्धी संयुक्त राष्ट्रसंघीय मानवअधिकार समितिको संकल्प प्रस्ताव(Human Rights Council Resolution on Child, Early and Forced Marriage)लाई नेपाल सरकारले सह-प्रायोजन गरी बाल विवाहराष्ट्रिय तहमा उन्मुलन गर्ने प्रतिवद्धता समेत जाहेर गरेको छ।[९]

त्यसकाअतिरिक्तदक्षिण एशीयाली क्षेत्रीय सहयोग संगठन (**South Asian Association for Regional Cooperation- SAARC**) सँग आवद्ध रहेको "बालबालिकामाथि हुने हिंसा विरुद्धको दक्षिण एशियाली पहल (SAIEVAC)अन्तर्गत सार्क मुलुकहरुमा "बाल विवाह अन्त्यका लागि क्षेत्रीय कार्ययोजना (२०१५–२०१८)" तयार गरी राष्ट्रिय संयन्त्रमार्फत बालविवाह विरुद्धमा आफ्ना प्रयासहरु गरेको छ । उक्त रणनीति अनुकूल नेपाल सरकारले बि.स. २०७१ साल कार्तिकमा "बालविवाह अन्त्य गर्न कानूनको प्रयोग गरी जवाफदेहिता वृद्धि" विषयक सार्कस्तरीय गोष्ठी आयोजना गरी "दक्षिण एशियाबाट बाल विवाह अन्त्य गर्नको लागि काठमाण्डौं घोषणापत्र" -Kathmandu Call for Action to End Child Marriage in South Asia)समेत पारित गरिएको थियो ।[१०]

नेपाल सन्धि ऐन, २०४७ को दफा ९(२) अनुसार नेपाल पक्ष भएको अन्तर्राष्ट्रिय सन्धिहरूसँग नबाझिने गरी सन्धि सम्झौताहरूको कार्यान्वयन गर्नु राज्यको दायित्व हो ।[११]बाल विवाह समानता र बिकासको प्रमुख बाधकको रुपमा रहेको कुरालाई महशुस गरि दिगो विकासका लक्ष्यहरु (२०१६-३०) को लक्ष्य ५.३ मा बालविवाह, कम उमेरमा हुने विवाह र जबरजस्ती विवाह देखि महिला विरुद्धका हानिकारक प्रथाहरुको अन्त्य गर्ने विषयमा अन्य मुलुकहरू झैं नेपालले पनि सन् २०३० सम्ममा सो लक्ष्य प्राप्त गर्ने प्रतिवद्धता जनाई राष्ट्रिय सूचकहरू सहिततयार गरेको छ ।[१२]

यसको कार्यान्वयनको क्रममा सन् २०३० सम्ममा बालविवाहको अन्त्य गर्न नेपाल सरकारले राष्ट्रिय रणनीति २०७२ तयार गरि कार्यान्वयनमा ल्याएको छ । बाल विवाहविरुद्दको अभियानलाई प्राथमिकतामा राखी लुम्बिनी प्रदेश सरकार, सामाजिक विकास मन्त्रालयले बाल विवाह अन्त्यका लागि लुम्बिनी प्रदेशको दश बर्षे रणनीति(आ.व.२०७८/७९-२०८८/८९) समेत शिक्षा तथा सामाजिक विकास मन्त्रालयले कार्यान्वयनमा ल्याएको छ । उक्त लक्ष्य प्राप्तिको लागि कपिलवस्तु धेरै पछाडि परेको हुदाँ यस जिल्लाले पनि नेपाल सरकारले निर्माण गरेको नीतिलाई अवलम्वन गर्दै जिल्लाको रणनैतिक कार्य योजना बनाएको छ । सोही कार्ययोजनालाई स्थानीय तहमा कार्यान्वयनमा ल्याउन तथा सोको स्थानीय तहमा अवलम्वन गर्नका लागि संघीय संरचना अन्तर्गत कपिलवस्तु जिल्ला शुद्धोधन गाउँपालिकाले बालबालिका विरुद्ध लक्षित हिंसा सम्वोधन गर्नुपर्ने आवश्यकता महशुस गरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले दिएको अधिकार क्षेत्रभित्र रही यो बाल विवाह अन्त्यको रणनिती तथा कार्ययोजना (२०७९-२०८४) तर्जुमा गरी लागू गरेको छ।

---

[९]Human Rights Committee, Report of the Human Rights Council on its twenty-fourth session, para. 195, U.N. Doc.A/HRC/24/2 (2014).

[१०]नेपालमा बालबालिकाको स्थिती प्रतिवेदन २०७६

[११] नेपालको संविधान २०७२ को धारा ५१ (ख) (२)।

[१२] दिगो विकासको लक्ष्य ५, ५(१), ५(२) र ५(३), राष्ट्रिय योजना आयोग, २०१७

कु० अनिता

## ३. राष्ट्रिय नीति तथा कानूनी व्यवस्था

**नेपालको संविधान २०७२**:नेपालको संविधानको धारा ३९मा बालबालिकाको हकको व्यवस्था गरेको छ जसको उपधारा (५) मा कुनै पनि बालबालिकालाई बाल विवाह, गैरकानूनी ओसारपसार र अपहरण गर्न तथा बन्धक बनाउने विरुद्धको मौलिक हक प्रत्याभूत गरेको छ ।त्यसैगरी सोही उपधारा (१०) मा उपधारा (५) विपरीतको कार्य कानुन बमोजिम दण्डनीय हुने र त्यस्तो कार्यबाट पीडित बालबालिकालाई पीडकबाट कानून बमोजिम क्षतिपूर्ति पाउने हक समेत सुनिश्चित गरिएको छ । त्यसैगरी नेपालको संविधानको धारा ३८ को उपधारा (३) मा महिला विरुद्व धार्मिक, सामाजिक, सांस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण विरुद्धको हक सुनिश्चित गरि त्यस्तो कार्यलाई दण्डनीय हुने र पीडितले कानुन बमोजिम क्षतिपूर्ति पाउने हकको समेत संवैधानिक व्यवस्था गरेको छ।

**मुलुकी अपराध संहिता, २०७४ :** २०७५ भदौ १ गतेदेखि लागु भएको मुलुकी अपराध संहिता २०७४ को दफा१७३ मा बाल विवाह गर्न नहुने उल्लेख गरी सोको उपदफा (१) बीस वर्ष नपुगी कसैले विवाह गर्न वा गराउन नहुने र उपदफा (२) मा त्यस्तो बालविवाह स्वत: बदर हुने अर्थात विवाहको मान्यता नदिने व्यवस्था गरिएको छ। सोही उपदफा (३) मा त्यस्तो कसूर गर्ने व्यक्तिलाई तीन वर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म जरिवाना हुने गरि दण्ड संजायको व्यवस्था गरेको छ । बाल विवाहलाई फौजदारी अपराधको रुपमा परिभाषा गरि कसैले कुनै महिलालाई निजको मञ्जुरी विना करणी गरेमा वा १८ वर्षभन्दा कम उमेरको बालिकाको मञ्जुरी वा बेमञ्जुरी जुनसुकै किसिमले करणी गरेमा पनि जवरजस्ती करणी गरेको मानिने भनि उल्लेख भएबाट बाल विवाह गरी यौन सम्पर्क गरेमा जवरजस्ती करणी गरेको ठहर हुने व्यवस्था छ।

**मुलुकी फौजदारी कार्यविधि संहिता** : मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ ले बालविवाह सम्वन्धी कसूरलाई नेपाल सरकारवादी मुद्दा भई मुद्दा अनुसन्धान तथा दायर गर्ने व्यवस्था गरेको छ।

**मुलुकी देवानी संहिता२०७४** : २०७५ भदौ १ गतेदखि लागू भएको यस संहिताको दफा ७० मा पनि विवाह गर्न सक्ने उमेर २० वर्ष पुरा भएको हुनु पर्ने व्यवस्था गरेको छ।

**बालबालिका सम्बन्धी ऐन २०७५**: यस ऐनको दफा ६६ को उपदफा (२) को (ण) मा बालबालिकाको विवाह तय गर्ने वा बालबालिकासँग विवाह गर्ने वा गराउने कार्य गरेमा बालबालिका विरूद्धको हिंसा गरेको ठहर्छ भनी व्यवस्था गरेको छ ।यस ऐनको दफा ३ ले प्रत्येक बालबालिकालाई सम्मानपूर्वक बाँच्न पाउने अधिकारको हक सुनिश्चित गरेको छ । नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहले बालबालिकाको बाँच्न पाउने अधिकार र बालबालिकाको विकासको लागि बालबालिका माथि हुन सक्ने दुर्घटनाको रोकथाम, जोखिमको न्यूनीकरण लगायतका प्रतिरोधात्मक र सुरक्षा सेवाका लागी आवश्यक उपाय अवलम्बन गर्नु पर्ने समेत व्यवस्था गरेको छ।

**बालबालिका सम्बन्धी राष्ट्रिय नीति, २०६९ :** बाल विवाहलाई बालवालिकाको हक अधिकार प्रचलनका लागि वाधकको रुपमा पहिचान गरेको छ । यस नीतिको रणनीति नं. ८.९ मा बाल विवाह रोक्न सरकारी र विकासका साझेदार संस्थाहरुको सहकार्यमा समुदायस्तरका संघसंस्थाहरुलाई परिचालन गर्ने, बाल विवाह विरुद्धको उजुरी सक्रियताका साथ लिने र कारवाही गर्ने व्यवस्थाका साथै बाल विवाह रोक्ने कार्यका लागि स्थानीय निकायलाई थप जिम्मेवारी दिइने कुरा उल्लेख गरिएको छ । यसैगरी

रणनीति नं. ९.३ मा स्थानीय स्तरसम्म बालबालिकाको बेचबिखन, ओसारपसार र बाल विवाह विरुद्ध चेतना जागरण कार्यक्रम सञ्चालन र गाँउस्तरमा बाल संरक्षणको विषयमा चेतना अभिवृद्धि गर्न संचार लगायत अन्य उपयुक्त माध्यमको परिचालन गरिने कुरा उल्लेख छ ।

**स्थानीय सरकार सञ्चालन ऐन २०७४ :** ऐनको दफा १२ (२) ग को ३२बाल बिवाह, महिला विरुद्धका हिंसा, देवकी, बेक्सा बोक्सी, छुवाछुत, दहेज तथा दाइजो कमैया, प्रथा, हलिया प्रथा, छाउपडी, कमलरी प्रथा, बालश्रम, लैङ्गिक भेदभाव, मानव बेचबिखन, निरक्षरता जस्ता सामाजिक कुरिती र अन्धविश्वासको अन्त्य गर्ने गराउने व्यवस्था गरेको छ । जस अन्तर्गत बालविवाह विरुद्धका रणनीति, कार्य योजना तथा कार्यक्रमहरु तर्जुमा गरि प्रभावकारी कार्यान्वयन गर्नु स्थानिय सरकारको जिम्मेवारी स्पष्ट छ ।

**महिला विकास कार्यक्रम मार्गदर्शन, २०७२ :** बालविवाह बढी हुने जिल्लामा बालविवाहमा नै केन्द्रित भएर बाल विवाह विरुद्ध विभिन्न कार्यक्रम आयोजना गर्ने र बालविवाह मुक्त स्थान घोषणा गर्दै जाने कुरा उल्लेख गरेको छ ।

**बाल विवाह अन्त्यका लागि राष्ट्रिय रणनीति, २०७२ :**नेपालमा बाल विवाहलाई मौलिक हक विरुद्धको अधिकारको रुपमा मानि राष्ट्रिय कानुनले दण्डनीय अपराध मानेता पनि यो अभ्यासलाई अझै पनि पूर्णरुपमा हटाउन सकिएको छैन । त्यसैले बाल विवाहमुक्त वातावरणमा बालबालिकाको अधिकारको सुनिश्चितता गर्नका लागि सन् २०३० सम्म बाल विवाह उन्मूलन गर्ने लक्ष्य सहित यो राष्ट्रिय रणनीति, २०७२ तर्जुमा गरि लागु गरेको छ । बाल विवाह अन्त्यका लागि परिवर्तनको सिद्धान्तमा आधारित रहि विभिन्न रणनीतिक उपायहरु अवलम्वन गरिने व्यवस्था पनि यस रणनीतिले गरेको छ।

**पन्धौ योजना (२०७६–२०७७/२०८०–२०८१):**मा बाल अधिकार सुनिश्चितताका साथै बाल विवाहको रोकथाम लगायत विभिन्न प्रकारका सामाजिक दुर्व्यवहार अन्त्य गर्ने लक्ष्य लिइएको छ ।

**मानव अधिकार सम्वन्धी पाँचौ राष्ट्रिय कार्ययोजना** : मानव अधिकार सम्वन्धी पाँचौ राष्ट्रिय कार्ययोजना (आ.व.२०७७/७८-२०८१/८२)[१३]मा समेत बाल विवाह अन्त्यसम्वन्धी राष्ट्रिय रणनीति (२०७२) को प्रभावकारी कार्यान्वयन गर्ने विषयमा जोड दिनुका साथै विगतमा कार्यान्वयन गरिएका विभिन्न राष्ट्रिय कार्ययोजनाहरूमा पनि बाल विवाह नियन्त्रणका लागि विभिन्न रणनीतिक कार्यक्रमहरू समावेश गरिएका छन्।

**बाल विवाह अन्त्यका लागि लुम्बिनी प्रदेशको रणनीति, २०७८** : लुम्बिनी प्रदेशको शिक्षा तथा सामाजिक विकास मन्त्रालयले विभिन्न १४ वटा रणनीति समावेश गरेको प्रदेशको दश वर्षे रणनीति (आ.व.२०७८/७९-२०८८/८९) कार्यान्वयनमा ल्याएको छ । लुम्बिनी प्रदेशका १२ वटा जिल्लालाई लक्षित गरी कार्यान्वयनमा ल्याइएको उक्त रणनीतिलाई कार्यान्वयनमा ल्याउने मुख्य भूमिका स्थानीय सरकारको भएकोले पनि बाल विवाह अन्त्यको स्थानीय रणनीति तथा कार्ययोजना आवश्यक हुन्छ ।

यसका अतिरिक्त लुम्बिनी प्रदेश सरकारको बालवालिकासम्वन्धी ऐन, २०७६ ले बालवालिकाको विवाह गर्न वा गराउन नपाइने र उक्त कार्यलाई दण्डित गर्ने व्यवस्था गरेको छ ।

---

[१३] मानव अधिकार सम्वन्धी पाँचौ राष्ट्रिय कार्ययोजना (आ.व. २०७७/७८-२०८१/८२), नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय

अत: माथि उल्लेखित राष्ट्रिय तथा अर्न्तराष्ट्रिय प्रतिवद्धता र कानूनी रुपमा सुनिश्चित गरिएका बालविवाहविरुद्धको अभियानलाई सार्थक तुल्याउने उद्देश्यले शुद्धोधन गाउँपालिकाको तर्फबाट यो रणनिती तथा कार्ययोजना तर्जुमा गरिएको हो ।[१४]

## ४. वर्तमान सन्दर्भ

भारतसँग सीमाना जोडिएका जिल्लाका स्थानीय तहहरुमा अभिभावकको सहमतिमा हुने बालविवाहको दर उच्च छ भने उत्तरी भेगका नगरपालिका वा गाउँपालिकाहरुमा प्रेम विवाहका कारण हुने बाल विवाहको दर उच्च छ।[१५]

कपिलवस्तु जिल्ला नेपालको जनसंख्याको आधारमा १६ औं स्थानमा, गरिवी सुचङ्ककको आधारमा ४७औं स्थानमा र बाल विवाह प्रचलन भएको आधारमा दोश्रो स्थानमा पर्दछ । यस जिल्लामा १५ वर्षभन्दा कम उमेरका बालबालिकाको सङ्ख्या २१८,७७४ अर्थात ३८.३ प्रतिशत रहेको छ । त्यसैगरी किशोरकिशोरीहरूको सङ्ख्या १३९,८१७ अर्थात २४.४ प्रतिशत रहेको छ । यस जिल्लामा १५ वर्षभन्दा कम उमेरका बालबालिकाको सङ्ख्या २१८,७७४ अर्थात ३८.३ प्रतिशत रहेको छ । त्यसैगरी किशोरकिशोरीहरूको सङ्ख्या १३९,८१७ अर्थात २४.४ प्रतिशत रहेको छ ।

गौतम बुद्धका पिता कपिलवस्तुका तत्कालिन राजा शुद्धोधनको नामबाट नामाकरण गरिएको शुद्धोधन गाउँपालिका कपिलवस्तु जिल्लाको पूर्वी भागमा अवस्थित छ । नेपालको पुनसरचना गर्ने क्रममा स्थानीय तहको गठन गर्दा साविकका ६ गाउँ विकास समितिहरु पतरिया,नन्दनगर,लवनी,हथिहवा र बासखोरलाई मिलाएर यस गाउँपालिकाको स्थापनाभएको हो । यो गाउँपालिका एतिहासिक तथा आर्थिक हिसावले परापुर्व काल देखि नै एक महत्वपूर्णविशिष्ट स्थलको रुपमा परिचित हुँदै आएको छ । बुद्धको जन्मस्थल लुम्बिनी र प्राचिन कपिलवस्तुको राजधानी तिलौराकोटलाई जोड्ने राजमार्गको बिचमा रहेको यस गाउँपालिकाको भूभाग समथर तथा उब्जाउ छ । यस गाउँपालिकाको पूर्वमा रुपन्देही जिल्ला, पश्चिममा मायादेवी गाउँपालिका,उत्तरमा बाणगंगा नगरपालिका तथा दक्षिणमा भारत रहेको छ । यस गाउँपालिकाको क्षेत्रफ़ल ९१.९९ वर्ग किलोमिटर रहेको छ ।[१६]

वि. स. २०६८ को जनगणनाअनुसार यस पालिकाको कुल जनसंख्या ४५२०१ रहेको छ । जसमध्ये २२४६८ महिला र २२७३३ पुरुष छन् भने लैंगिक तथा यौनिक अल्पसंख्यको जनसंख्या ६१८ जना रहेको छ । पालिकागत तथ्यांकलाई हेर्ने हो भने यस पालिकामा सबैभन्दा धेरै जनसंख्या तराई दलित रहेका छन् । विभिन्न अध्ययनले यो जिल्ला बढी बालविवाह हुने जिल्लाको पनि अग्र पक्तिमा रहेको कारण बालविवाह विरुद्दको स्थानीय रणनीति आवश्यक भएको हो ।

यस पालिकाकामा नागरिक समाज, गैरसरकारी संस्था तथा विकास साझेदारसँगको सहकार्य र सहयोगमा बाल विवाह अन्त्यका लागि समूदाय तहमा बाल क्लबको गठन, विभिन्न समूदायमा किशोरी समूह, युवा क्लबहरुको गठन र बाल विवाह रोकथामको लागि समूदाय प्रहरी परिचालन, बाल विवाह

[१४] नेपाल सरकार, राष्ट्रिय योजना आयोग, सिंहदरवार, २०७६

[१५] बाल विवाह अन्त्यका लागि लुम्बिनी प्रदेशको रणनीति (आ.व. २०७८/७९-२०८२/८३), प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय, लुम्बिनी प्रदेश, पृष्ठ ५

[१६] https://shuddhodhanmunkapilvastu.gov.np/content.visited on 7/12/2022

विरुद्ध जागरुकताका कारण विगतको तुलनामा बाल विवाहका घटनामा केही कमी आएको महशुस गर्न सकिन्छ । तर कतिपय समूदायमा अझैपनि बाल विवाहविरुद्द उजुरी नगर्ने र बाल विवाह गर्न पाउनुपर्छ भन्ने मान्यता कायमै रहनु, बाल विवाहका मुद्दालाई गाउँघरमा नै मिलाउने प्रयत्न गर्नु जस्ता विषयहरु विवाह रोक्ने प्रयासमा थप चुनौतिहरु देखा परेका छन्

यसै सन्दर्भमा यस पालिकामा पनि बाल विवाह अन्त्यको रणनीति खाँचो भएको सन्दर्भमा शुद्धोधन गाउँपालिकाको आयोजना तथा सिद्दार्थ सामाजिक विकास केन्द्र र न्याय तथा अधिकार संस्था नेपाल (जुरी- नेपाल) को सहकार्यमा मिति २०७९ असार २८ गते लुम्बिनीमा सम्पन्न कार्यशालामा भएको छलफलपश्चात प्रारम्भिक मस्यौदाउपर पालिकाको तर्फबाट आवश्यक सल्लाह सुझाव र यस क्षेत्रमा क्रियाशील संघ सस्था तथा सरोकारवाला निकायसँगको छलफल र सुझावपश्चात यस नीति तथा कार्ययोजनालाई अन्तिम रुप दिइएको हो ।

## ५. रणनीति तथा कार्ययोजनाको आवश्यकता र औचित्य

कतिपय समुदायमा बाल-विवाह बारे उजुरी गर्नुभन्दा लुकाउनमा सहयोग गर्नु र आँखा चिम्लनु, कतै कतै बाल-विवाह गर्न पाउनु पर्छ भनी सार्वजनिक रूपमै पदर्शन हुनु, अधिकांश बाल-विवाहका घटनाहरूमा सख्त कानुनी कारवाही हुनुभन्दा मेलमिलापमा टुङ्गिनु आदि कारण बाल विवाहले सामाजिक मान्यता पाइरहेको अवस्था विद्यमान छ । साथै छिमेकी मुलुक भारतको अधिकांश राज्यमा विगतमा विवाह योग्य कानुनी उमेर १८ वर्ष कायम रहेको[१७]सन्दर्भमा भारतसँग सीमा जोडिएका प्रदेशका जिल्लाहरूमा बसोवास गर्ने समुदायमा नेपालमा विवाहको कानुनी उमेरको हद बढी भयो भन्ने सोच कायम रहनु, विभिन्न कारणले विद्यालयको पढाइ छाड्ने बालिका र बालकको सङ्ख्या धेरै हुनु, किशोरकिशोरीहरूको यौनिकताबारे अभिभावकहरूमा सङ्कुचित विचार कायम रही आफ्ना छोराछोरीहरूलाई उपयुक्त ढङ्गबाट शिक्षा सल्लाह दिन सङ्कोच मान्नु, घरेलु तथा लैङ्गिक हिंसालगायत बाल विवाहलाई बढावा दिने, बहु विवाह, गौना थौना, दाइजो जस्ता हानिकारक परम्पराहरू कायम रहनु, अर्थोपार्जनका लागि वैदेशिक रोजगार वा आप्रवासनमा जाँदा परिवार विखण्डन भई पारिवारिक संरक्षण प्रणाली कमजोर हुनु, लैङ्गिक भूमिकामा आधारित कामको बाँडफाँड कायमै रही बालिका तथा महिला प्रजनन् भूमिका (Reproductive Gender Roles)का साथै घरेलु कामको बोझमा परी औपचारिक क्षेत्रको रोजगारीबाट विमुख हुनु, सीमान्तकृत समुदायको शिक्षा तथा रोजगारीमा असमान पहुँच, लैङ्गिक तथा जातीय भेदभावसँग जोडिएको प्रणालीगत गरिबीको कुचक्र र आर्थिक असुरक्षा कायमै रहनु, सामाजिक सञ्जालमा अनियन्त्रित पहुँच र देखासिखी आदि चुनौतीको रूपमा रहेको देखिन्छ ।[१८]

नेपालमा बाल विवाहलाई दण्डनीय अपराध मानेतापनि व्यवहारिक रुपमा यसको अन्त्य हुन सकेको छैन । नेपालको संविधानले महिला तथा बालवालिका सम्वन्धी हकलाई मौलिक हकको रुपमा स्थापित गरेको छ । यसका साथै संबिधानतः बालवालिकालाई बाल विवाह, गैरकानूनी विवाह, गैरकानूनी ओसारपसार र अपहरण वा बन्धक राख्न नपाइने र महिलाविरुद्द धार्मिक, सामाजिक, सांस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य

---

[१७] Hindu Marriage Act, 1955, Article 5, https://www.google.com/search?q=Article+5+of+Hindu+Marriage+Act visited on 2/16/2021

[१८] बाल विवाह अन्त्यका लागि लुम्बिनी प्रदेशको रणनीति (आ.व.२०७८/७९-२०८८/८९), प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय, लुम्बिनी प्रदेश, पृष्ठ ५

कु० अनिता

कार्य वा शोषण नगरिने, त्यस्तो कार्य कानून बमोजिम दण्डनीय हुने र पीडितले कानून बमोजिम क्षतिपूर्ति पाउने हकको सुनिश्चितता समेत गरेको हुँदा बाल विवाह अन्त्यका लागि प्राथमिकतासाथ कार्य गर्नुपर्ने भएको छ।[१९]

बाल विवाह अन्त्यका लागि कानुनी समस्या नभए पनि कानुन कार्यान्वयमा भएका कमजोरीका कारण बाल विवाहको अन्त्यका प्रयासहरुले अपेक्षित सफलता प्राप्त गर्न सकेका छैनन् । देशमा संघीय संरचना अन्तर्गत तीन तहको सरकार निर्माण भएको छ । नेपाल पक्ष राष्ट्र भएका मानव अधिकार, बाल अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिहरूको कार्यान्वयन गर्नु सबै तहका सरकारको दायित्व हो । मुलुकमा कुल जनसंख्याको ५१.५ प्रतिशत महिला रहेकोमा एकतिहाई महिला तथा बालिकाले हिंसाबाट गुज्रिनु पर्ने अवस्था रहुन्जेल समृद्ध नेपाल, सुखी नेपालीको उद्देश्य हासिल गर्न सकिंदैन । बाल विवाहले बालिकाको स्वास्थ्य रुग्णतालाई निम्त्याउँदछ, यसले सिङ्गो राष्ट्रको आर्थिक, सामाजिक, शैक्षिक तथा विकासका धेरै पक्षहरुमा नकारात्मक असर पार्दछ । यो अवस्था छउन्जेल मुलुकको कुल उत्पादकत्व क्षमता वृद्धि हुन सक्दैन र यसको नकारात्मक प्रभाव कुल गार्हस्थ उत्पादनमा पर्न जान्छ ।

आर्थिक, सामाजिक तथा सांस्कृतिक समिति, विश्वव्यापी आवधिक प्रतिवेदन, २०१५ अनुसार बाल विवाह लगायत हानिकारक अभ्यास दण्डनीय बनाउने/अन्त्य गर्ने सुझाव नेपाल सरकारलाई दिएको छ । महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि (CEDAW)कार्यान्वयनका सम्बन्धमा छैठौं राष्ट्रिय प्रतिवेदन माथि CEDAW Committee (2018) ले नेपाल सरकारलाई महिला विरुद्धका परम्परागत र हानिकारक अभ्यासहरूमाथि प्रतिबन्ध लगाई पीडितलाई क्षतिपूर्तिको व्यवस्था गर्नुपर्ने, न्यायमा पहुँच र कानूनी सहायताको जानकारीलाई सुदृढ बनाउनु पर्ने लगायत बालविवाह उन्मूलन गर्नुपर्ने र बाल विवाहबदर गर्ने कानूनी व्यवस्था ल्याउनु पर्ने समेत सुझाव दिएको छ । उपरोक्त सुझावका साथै दिगो विकास लक्ष्य अनुरुप सन् २०३० सम्ममा बाल विवाह उन्मूलन गर्नका लागि नीति तथा कार्यक्रम तर्जुमा गर्नु स्थानीय तहको प्राथमिक जिम्मेवारी भएको छ । त्यसैले बालविवाह उन्मूलनको लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, नेपाल प्रहरी लगायत प्रदेश एवम् स्थानीय सरकार लगायत विकासका साझेदार संस्थाबाट प्रभावकारी नितीगत रुपमा लाग्नु पर्ने आवश्यक रहेको छ । बालविवाह अन्त्यका लागि राष्ट्रिय रणनीति, २०७२ जारी भएको छ भने यस रणनीतिले बालविवाहमुक्त स्थानीय निकायको अभियान सञ्चालन गर्ने योजना अघि सारेको छ ।

नेपालको संविधानले अनुसूचि ७ मा पारिवारिक मामिला (विवाह समेत) सम्बन्धी नीति र कानून तर्जुमा गर्ने अधिकार संघ र प्रदेशको साझा अधिकारको सूचिमा समावेश गरेको छ (बुँदा नं ५) सोही बमोजिम संघ र लुम्बिनी प्रदेशले सोही सम्बन्धी ऐन जारी गरेका छन् भने संविधानको अनुसूचि ९ मा संघ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूचि अर्न्तगत (बुँदा नं ११मा व्यक्तिगत घटना, जन्म, मृत्यु, विवाह र तथ्याँक) बाल विवाहलाई साझा विषयमा समावेश गरेका कारण पनि बाल विवाह अन्त्यका लागि स्थानीय तहको भूमिका महत्वपूर्ण देखिन्छ । त्यसका अतिरिक्त स्थानीय सरकार सञ्चालन ऐन

[१९] बाल विवाह अन्त्यका लागि लुम्बिनी प्रदेशको रणनीत (आ.व.२०७८/७९-२०८८/८९), प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय, लुम्बिनी प्रदेश, पृष्ठ ७

तथा अन्य कानूनले समेत बाल विवाह अन्त्यको अभियानमा स्थानीय सरकारको भूमिका महत्वपूर्ण देखिन्छ ।

यस सम्बन्धमाशुद्धोधन गाउँपालिकाले महत्वका साथ यो बाल विवाह अन्त्यको रणनिती तथा कार्ययोजना कार्यान्वयनमा ल्याएको हो । यो रणनीति तथा कार्ययोजनाको आवश्यकता र औचित्यबारे परिवर्तनको सिद्धान्तका आधारमा देहाय बमोजिम उल्लेख गरिएको छ ।

<table>
<tr><th colspan="3">परिवर्तनको सिद्दान्त</th></tr>
<tr><td>विद्यमान अवस्था</td><td colspan="2">शुद्धोधनगाउँपालिकामा बाल विवाहको समस्या विद्यमान रहेको र यसबाट बालिका तथा महिलाहरु अत्यधिकमात्रामा प्रभावित हुने गरेको</td></tr>
<tr><td>कारण</td><td colspan="2">पितृसत्तामा आधारित महिला तथा बालिकामाथि हुने भेदभाव, हिंसा, कमजोर परिवार संरक्षण प्रणाली तथा कानूनको कमजोर कार्यान्वयन, महिला तथा बालिकाको सशक्तिकरणका लागि सरकारको अप्रयाप्त लगानीका साथै बाल विवाह अन्त्य सम्वन्धी एकीकृत कार्यक्रमको अभाव</td></tr>
<tr><th colspan="3">परिवर्तनका लागि रणनीति</th></tr>
<tr><td>बाल विवाहलाई बढावा दिने हानिकारक सामाजिक मूल्य मान्यता, परम्परा, अभ्यास परिवर्तनका लागि जनचेतना</td><td>पारिवारिक संरक्षण बलियो बनाउने सुरक्षा नीति तथा कार्यक्रम</td><td>महिला, बालबालिका तथा किशोरीहरको शशसक्तिकरणमा लगानी</td></tr>
<tr><td>महिला तथा किशोरीका लागि स्वरोजगार, आयमूलक तथा गैर पारस्परिक व्यवशायमा लगानी .</td><td>बाल विवाहविरुद्द कानूनी अधिकार, सेवा सुरक्षा तथा न्यायमा पुहँचको सुनिश्चितता</td><td>सरकार, विकास साझेदार, नीजि क्षेत्र, संघसंस्था, विद्यालय, धर्म गुरु तथा महिला तथा बाल एवं किशोरी समूहसँग कार्यगत एकता र अनुगमन</td></tr>
<tr><td colspan="2">नतिजा : बाल विवाहमुक्त शुद्धोधन गाउँपालिका</td><td>प्रभाव : बालबालिकाहरुको आत्मसम्मानपूर्ण जीवन बाँच्न पाउने अधिकारको सुनिश्चितता</td></tr>
<tr><td colspan="3">परिवर्तन .शुद्धोधन गाउँपालिकामा बालबालिकाको मानव अधिकारको पूर्ण उपयोग गर्न सक्ने बालविवाह अन्त्य भई आर्थिक, सामाजिक सांस्कृतिक दृष्टिकोणले नमूना र सम्बृद्ध गाउँपालिकाको रुपमा परिवर्तन हुनेछ ।</td></tr>
</table>

कु० अनिता

## ६. रणनीति तथा कार्ययोजना तर्जुमा प्रक्रिया

बाल विवाह अन्त्यको रणनीति तथा कार्ययोजना तर्जुमाका लागि बाल विवाह अन्त्य सम्बन्धी विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय कानुनी दस्तावेजको अध्ययनका साथैयस पालिकामा क्रियाशील सामाजिक संस्था न्याय तथा अधिकार संस्था-नेपाल (जुरी -नेपाल) र सिद्धार्थ सामाजिक विकास केन्द्र, कपिलवस्तुसँगको सहकार्यमा प्रारम्भिक मस्यौदा तयार भई त्यस पश्चात विभिन्न चरणमा कार्यपालिकाका सदस्य र पदाधिकारीहरुबीच भएको छलफल र परामर्शमा आएका सुझावहरुलाई समेटी यो रणनिती तथा कार्य योजना निर्माण भएको हो ।यसलाई आवश्यकतानुसार परिमार्जन गरिने लक्ष राखिएको छ ।

## ७. रणनीति तथा कार्ययोजनाका सिद्धान्तहरू

देहायका सिद्धान्तका आधारमा यस बाल विवाह अन्त्य सम्बन्धी कार्ययोजना निर्माण गरिएको छ :

(१) **अविभेद** :यो रणनीति तथा कार्ययोजना कार्यान्वयनको सिलसिलामा बालबालिकामाथि जातजाति, लिङ्ग, वर्ण, आर्थिक, सामाजिक, शारीरिक स्थिति वा भौगोलिक अवस्थितिका आधारमा भेदभाव गरिने छैन ।

(२) **बालबालिकाको सर्बोत्तम हित** : यो रणनीति तथा कार्ययोजनाले बाल विवाह अन्त्यगर्ने सवालहरूमा बालबालिकाको सर्वोत्तम हितलाई सर्वोपरी राखिएकोछ ।

(३) **सारभूत समानता** : यो रणनीति तथा कार्ययोजनाले लैङ्गिकताका सवालमा परिणाममा समानताको सिद्धान्तलाइ आत्मसात गरेको छ ।

(४) **समता** : यस रणनीति तथा कार्य योजनाले असमान व्यक्तिहरूबीच समता कायम गर्न असमान व्यवहार गर्नुपर्नेसिद्धान्तलाई स्वीकार्दछ ।

(५) **कोहि पछाडि नछुटुन** :यस रणनीति तथा कार्ययोजनालेदिगो विकास लक्ष्यको कोही पनि पछाडि नछुटुन् भन्ने अवधारणालाईअपनाएको छ ।

(६) **कसैलाइ हानि नपुऱ्याउने** :यस रणनीति तथा कार्ययोजनाले कसैलाईपनि हानि वा क्षति नपुऱ्याउने सिद्धान्त लिएको छ ।

(७) **शून्य सहनशीलता** : यो रणनीति तथा कार्ययोजनाको कार्यान्वयनको सिलसिलामा बाल विवाहका घटनाहरूमा शून्य सहनशीलताकोसिद्धान्तलाई अङ्गिकार गरेको छ ।

(८) **गोपनीयताको अधिकार**: यो रणनीति तथा कार्ययोजनाले लैङ्गिक हिंसा र बाल विवाहबाट प्रभावितहरूको गोपनीयताको अधिकारलाई सुनिश्चत गरेको छ ।

(९) **पुरुष तथा बालकहरूको सहभागिता**: यो रणनीति तथा कार्ययोजनाको प्रभावकारी कार्यान्वयनका लागि पुरुष तथा बालकहरूको सक्रिय सहभागिता अपरिहार्य छ भन्ने मान्यता राख्दछ ।

(१०) **संरक्षण (Protection)**:यो रणनीति तथा कार्ययोजनाले बाल विवाहबाट प्रभावितहरूको संरक्षणमा उच्च प्राथमिकतामा राखेकोछ ।



CamScanner

(११) **न्यायमा पहुँच तथा द्रुत न्याय** :यो रणनीति तथा कार्ययोजनाले बाल विवाहबाट प्रभावितहरूका लागि द्रुत न्यायमा पहुँचको सिद्धान्तलाई अङ्गिकार गरेकोछ

(१२) **साझेदारिता र सहकार्य** : यो रणनीति तथा कार्ययोजनाको सफल र प्रभावकारी कार्यान्वयनमा मुख्य सरोकारवालाहरूको समन्वय, साझेदारिता र सहकार्यलाई प्राथमिकता राखिएकोछ ।

(१३) **परिवर्तनको सोच** :यो रणनीति तथा कार्ययोजना परिवर्तन सम्भव छ र आफैले गर्न सकिन्छ भन्ने सिद्धान्तबाट निर्देशित छ ।

## ८. दूरदृष्टि :

बाल बिवाह मुक्त सुखी तथा समृद्ध शुद्धोधन गाउँपालिका ।

## ९. ध्येय :

बाल विवाह उन्मूलनका लागि सोच, व्यवाहार, नीति तथा संरचनागत सुधार गरि बालबालिकाको आत्मासम्मान पूर्वक बाँच्न पाउने अधिकारको सुनिश्चितता गर्ने ।

## १०.लक्ष्य :

शुद्धोधन गाउँपालिकाआगामी ५ वर्ष (२०७९-२०८४) भित्र बाल विवाह मुक्त गाउँपालिका बनाउने ।

## ११.उद्देश्यहरू :

१. शुद्धोधनगाउँपालिकाका सबै वडाहरूलाई बाल बिवाह मुक्त क्षेत्र बनाउन विभिन्न निरोधात्मक उपायहरू अपनाउने ।

२. बाल बिवाहको जोखिम भएका र बाल विवाहका पीडित बालबालिकाहरुलाई संरक्षण गरी अत्यावश्यक सेवा सुविधाहरूको व्यवस्था गर्ने ।

३. बाल विवाहबाटप्रभावितहरूलाई न्यायमा पहुँचको सुनिश्चितता र कानुनी उपचारका साथै पीडकहरूलाई कानूनी कारवाही गरी दण्डहीनताको अन्त्य गर्ने ।

४. बालविवाह उन्मूलनका लागि नेतृत्वदायी र समन्वयात्मक भूमिका एवं प्रभावकारी अनुगमनका लागि शुद्धोधन गाउँपालिकाको संस्थागत क्षमता विकासका साथै अन्य मुख्य सरोकारवालाहरूको क्षमता विकास गर्ने ।

५. शुद्धोधन गाउँपालिका क्षेत्रमा पाँचवर्षभित्र बाल विवाह उन्मूलन गर्नका लागि कार्ययोजना बनाई लागू गर्ने ।

कु० अनिता

१३

## १२. रणनीति तथा कार्यनीतिहरू

### उद्देश्य १ : बालिका तथा किशोरीको सशक्तिकरणको गर्ने

**रणनीति १.१** :औपचारिक, अनौपचारिक रुपमा विद्यालय, बालक्लब तथा सामाजिक गतिविधिका माध्यमबाट विवाहको कानुनी उमेर, बाल विवाहको नकारात्मक असरहरूबारे विद्यार्थी, आमाबाबु र परिवारका अन्य सदस्यहरूसँग छलफल गरी विवाहको लागि अधिकारको रुपमा स्वनिर्णय गर्ने क्षमता बिकास गर्ने ।।

- गाउँपालिकाका सबै वडाकाविभिन्नसमुदायहरूमा विद्यमानबाल विवाह, बाल विवाहका कारकतत्वहरू, परिणाम र समाधानका उपायहरू बारे सर्वेक्षण गरी प्रतिवेदन सार्वजनिक गर्ने ।
- बाल विवाह बारे गाउँपालिका र वडा स्तरीय तथ्याङ्क संकलन तथा अद्यावधिक राख्ने ।
- बाल विवाहबाट महिलाहरुको व्यक्तिगत विकासका साथै राज्यमा पर्ने सामाजिक तथा आर्थिक व्ययभार बारे अध्ययन विश्लेषण गरी समाजमा सुसुचित गराउने ।

**रणनीति १.२ : बाल विवाह अत्याधिक भएका समुदायहरुमा वडा कार्यालयहरूको अगुवाईमा निगरानी समूहहरू गठन, गरि परिचालन गर्ने ।**

- महिला तथा बालिका उपर हुने हिंसा अन्त्यका लागि पुरुषको सहभागिता रणनीति, २०७५ बारे मुख्य सरोकारवालाहरूको क्षमता अभिवृद्धि गर्ने ।
- वडाहरूमा प्रहरी, विद्यालय, बालक्लब, किशोरकिशोरी समूह, यौनिक अल्पसंख्यक र धर्मगुरुहरूको सहभागितामा निगरानी समुह गठन गर्ने बाल विवाह विरुद्धको अभियान तथा चेतनामूलक कार्यक्रमहरु सञ्चालन गर्ने ।
- बाल विवाह अन्त्यको अभियानमा लागेका पुरुष तथा किशोरहरूलाई विभिन्न समूहहरूमा आवद्ध गराई हिमायती (Champion) का रुपमाप्रत्येक वर्षसम्मान गर्ने ।

**रणनीति १.३ : बाल विवाह प्रोत्साहन गर्ने हानिकारक सामाजिक मूल्य मान्यता र अभ्यासहरु परिवर्तनका लागिगाउँपालिकाबाट विभिन्न नीति तथा कार्य योजना तर्जुमा गर्ने ।**

- लैङ्गिक समानता नीति तथा कार्य योजना निमार्ण गर्ने ।
- घरपरिवार लगायत समाजले बालिका तथा किशोरीहरुले लैङ्गिकताको आधारमा भोग्न परेका भेदभाव, आर्थिक असमानता, यौन शोषण तथा दूर्व्यवहारविरुद्ध आधारभूत मापदण्ड सहितको विशेष नीति तथा कार्यक्रमहरू बनाई लागू गर्ने ।
- विपद् तथा महामारीको समयमा बालिका तथा किशोरी (दलित, अपाँगता, जनजाति तथा विभिन्न कारणले पछाडि परेका) माथि हुन सक्ने हिंसा तथा जोखिम न्यूनीकरणका उपायहरूबारे बाल बालिका उत्तरदायि विपद् व्यवस्थापन नीति तथा कार्यक्रमहरू बनाउने ।

रणनीति १.४ : बाल विवाह अन्त्य गर्न पारिवारिक संरक्षण प्रणालीको विकास गर्ने

- घरपरिवारमा बालबालिका तथा किशोर किशोरीहरु माथि गर्ने भेदभाव र विभेदपूर्ण कार्य विभाजनमा परिवर्तन समानतामा आधारित परिवारको संरचना बनाउन सहयोग गर्ने ।
- "शुद्धोधन गाउँपालिकाको प्रतिबद्दता बाल विवाह मुक्त पालिका" नामक अभियानमा परिवारका अभिभावकहरुलाई समन्वय गरि अभियान सञ्चालनको लागि आवश्यक बजेट व्यवस्थापन गर्ने ।
- आर्थिक रुपमा विपन्न परिवारका बालिकाहरुलाई शिक्षा तथा न्यायमा पहुँच सुनिश्चितता गर्ने ।
- बाल विवाहमा गरिदिने परिवारहरुको विवरण राखी कानुनी कारवाहिको लागि आवश्यक पहल गर्ने ।

## उद्देश्य २ : बाल विवाहबाट प्रभावितहरूको संरक्षण गर्ने

रणनीति २.१ लैङ्गिक हिंसाबाट प्रभावितहरूको सुरक्षा र संरक्षण सुनिश्चत गर्ने ।

- बाल विवाहबाट प्रभावित बालिकाहरुलाई परिवारले नस्वीकारेका अवस्थामा सहयोग तथा पुनर्स्थापनाका सहयोग गर्ने र यस सम्बन्धमा कार्यरत विभिन्न सरकारी तथा गैर सरकारी संस्थाहरूसँग सहकार्य गर्ने ।
- महिला हिंसाबाट प्रभावितहरुको पुनर्स्थापनामा कार्यरत विभिन्न सरकारी तथा गैर सरकारी संस्थाहरूको कार्यक्रम, संस्थागत क्षमता सहितको अद्यावधिक विवरण संकलन गरी प्रभावकारिता मूल्याङ्कन गर्ने ।
- बाल विवाहबाट प्रभावितहरुको लागि मनोसामाजिक परामर्शदाता, स्वास्थ्य सेवा प्रदायक तथा कानूनी सहायताका लागि स्थापित संयन्त्रमा उपलब्ध जनशक्तिको लगत अद्यावधिक गरी अपुग भएको क्षेत्रमा विशेषज्ञ/प्राविधिक जनशक्ति तयार गरी परिचालन गर्न सहयोग गर्ने ।

रणनीति २.२ संरक्षण गृहको गुणस्तरीय सेवा प्रवाहको सुनिश्चितता गर्ने ।

- विगतमा नेपाल सरकार अन्तर्गतसञ्चालित सेवा केन्द्र तथा **बालसंरक्षण केन्द्रहरुलाई** गाउँपालिका अन्तर्गत सञ्चालन गर्ने गरी कार्यविधि र मापदण्डहरू बनाई लागू गर्ने ।
- सञ्चालित सेवा केन्द्र तथा **बालसंरक्षण केन्द्रहरुमा** उपलब्ध सेवा सुविधाहरू न्यूनतम मापदण्ड अनुसार भए नभएको बारे नियमित अनुगमन गरी प्रभावकारिताको सुनिश्चितता गर्ने ।
- गाउँपालिका क्षेत्रभित्र सरकारी र गैर सरकारी क्षेत्रबाट सञ्चालित संरक्षण गृहहरूलाई एकीकृत सेवा प्रणाली अन्तर्गत व्यवस्थापन गर्ने ।
- संघ तथा लुम्बिनी प्रदेश सरकारसँगको समन्वयमा बाल संरक्षण केन्द्रको स्थापनाका लागि आवश्यक समन्वय र सहजिकरण गर्ने । केन्द्र सञ्चालनका लागि सामाजिक संघ संस्थालाई सहयोग गर्ने ।

कु० अनिता



CamScanner

**रणनीति २.३ बाल विवाह प्रभावितहरूलाई समाज तथा परिवारमा पुनःएकीकरणको लागि बालमैत्री वातावरणको निर्माण गर्ने ।**

